# नेपाल विद्युत प्राधिरकण
## इन्जिनियरिङ सेवा

तालिम केन्द्र, खरिपाटी, भक्तपुर

**सुरक्षा सेवा उपलब्ध गराउने सम्बन्धी शिलबन्दी बोलपत्र आब्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७०/०५/१२

नेपाल विद्युत प्राधिकरण, तालिम केन्द्र,खरिपाटी,भक्तपुरको लागि **सुरक्षा सेवा उपलब्ध गराउने कार्य गर्नु** पर्ने भएकोले उक्त कार्य गर्न इजाजत प्राप्त र नियमानुसार तिर्नुपर्ने कर चुक्ता गरेका फर्महरुबाट रितपूर्वक शिलबन्दी बोलपत्र आब्हान गरिन्छ । बोलपत्र फारम बैंक अफ काठमाण्डौं,सूर्यविनायक शाखामा रहेको यस कार्यालयको खाता नं ०१२७०००००००२ मा तोकिए बमोजिमको रकम (पछि फिर्ता नहुने) जम्मा गरी सो को सक्कल बैंक भौचर सहित सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र कार्यालय समयमा यस कार्यालयबाट वा ने.वि.प्रा. को website: http://www.nea.org.np बाट प्राप्त गर्न सकिनेछ । बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । E-Bidding मार्फत पनि बोलपत्र दर्ता गर्न सकिने भएकोले सो को लागि पनि माथि उल्लेखित समय अगाबै ने.वि.प्रा.को website: http://www.nea.org.np मा राखिसक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाताहरुको उपस्थिति वा अनुपस्थितिमा खोलिने छ । उल्लेखित कार्यहरु सम्बन्धी विस्तृत विवरणहरु र बोलपत्रका शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्रसाथ तोकिए बमोजिमको जमानतको लागि यस कार्यालयको बैंक अफ काठमाण्डू, भक्तपुरमा रहेको च.हि.नं. ०१२७०००००००३ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा उक्त रकम बराबरको नेपाल स्थित कुनै मान्यता प्राप्त बैङ्कले जारी गरेको कम्तिमा १२० (एक सय बीस) दिनको म्याद भएको बैंक ग्यारेन्टी समावेश गर्नु पर्नेछ ।

| सि.नं | बोलपत्र नं | कार्य विवरण | बोलपत्र दस्तुर रु | जमानत रकम रु | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | NEATC-Adm 01/2070/071 | सुरक्षा सेवा उपलब्ध गराउने कार्य | ३०००।- | ३४,१७०।- | गार्ड कमाण्डर १, सुरक्षा गार्ड ६ | मू.अ.क. दर्ता प्र.प्र अनिवार्य |

विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा वा फोन नं: ६६१००३३, ६६१८८६८, ६६१४७३६, ६६१८८७३ मा सम्पर्क गर्न सकिनेछ ।